जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ • अंक ७९ • २०८३ साल साउन २२ गते शुक्रबार (7 August, Friday, 2026) • पृष्ठ ४ • मूल्य रु. ५।-

## कांग्रेस इतर समूहद्वारा राष्ट्रिय भेला तयारी उपसमितिहरु गठन

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेसभित्रको इतर समूहले आगामी साउन २९ देखि ३१ गतेसम्म काठमाण्डुमा आयोजना हुने 'राष्ट्रिय भेला' लाई व्यवस्थित, प्रभावकारी र सफल बनाउन ३२ वटा उपसमिति गठन गर्दै तिनका संयोजकहरूको जिम्मेवारी सार्वजनिक गरेको छ।




यसअघि समूहले डा. शशांक कोइरालाको संयोजकत्वमा ५५१ सदस्यीय 'राष्ट्रिय भेला मूल आयोजक समिति' गठन गरेको थियो। सोही मूल आयोजक समिति अन्तर्गत विभिन्न विषयगत तथा व्यवस्थापनसम्बन्धी जिम्मेवारी बाँडफाँड गर्दै ३२ उपसमिति गठन गरिएको छ।

राजनीतिक प्रस्ताव तयारी समितिको संयोजकमा पूर्वउपसभापति विमलेन्द्र निधि, सांगठनिक प्रस्ताव तयारी समितिको संयोजकमा पूर्वसहमहामन्त्री उमाकान्त चौधरी, समसामयिक प्रस्ताव तयारी समितिमा एनपी साउद, विधान समितिमा रमेश लेखक तथा नेपाली कांग्रेसको आर्थिक नीति समितिमा डा. प्रकाशशरण महतलाई जिम्मेवारी दिइएको छ।

यस्तै प्रचार-प्रसार समितिको संयोजक मीनबहादुर विश्वकर्मा, आर्थिक व्यवस्थापन समितिको संयोजक दीपक खड्का, प्रशासन समन्वय समितिको संयोजक मोहनबहादुर बस्नेत, भोजन व्यवस्था समितिको संयोजक पूर्णबहादुर तामाङ 'कान्छाराम', स्वयंसेवक परिचालन समितिको संयोजक जितजंग बस्नेत, सांस्कृतिक समितिको संयोजक विद्या तिमिल्सीना, मञ्च तथा हल व्यवस्थापन समितिको संयोजक राजु श्रेष्ठ तथा स्वास्थ्य समितिको संयोजक उमेशजंग रायमाझीलाई तोकिएको छ।

विदेशस्थित नेपाली जनसम्पर्क समन्वय समितिको संयोजक किरण पौडेल, ट्रेड युनियन समन्वय समितिको संयोजक हरिशरण नेपाली, भातृ संघ समन्वय समितिको संयोजक गोविन्दबहादुर शाह, शुभेच्छुक संस्था समन्वय समितिको संयोजक ईश्वरी न्यौपाने, आदिवासी जनजाति समन्वय समितिको संयोजक गणेश लामा, दलित समुदाय समन्वय समितिको संयोजक नृप वड, महिला समन्वय समितिको संयोजक उषा राउत, युवा-विद्यार्थी परिचालन समितिको संयोजक कुन्दनराज काफ्ले तथा पेसागत बुद्धिजीवी परिचालन समितिको संयोजक भीमसेनदास प्रधानलाई बनाइएको छ।

त्यस्तै सुदूरपश्चिम प्रदेशको संयोजकमा वीरबहादुर बलायर, कोशी प्रदेशको संयोजकमा गोमा भट्टराई, मधेश प्रदेशको संयोजकमा पदमनारायण चौधरी, बागमती प्रदेशमा शिव हुमागाईं, गण्डकी प्रदेशको संयोजकमा गुरु बराल, लुम्बिनी प्रदेशमा गेहेन्द्र गिरी र कर्णाली प्रदेशमा सीता रानालाई जिम्मेवारी दिइएको छ।

### श्रद्धाञ्जली सभामै विवाद

## सिरहा-सुनसरी घटनामा ज्यान गुमाएकाको सम्झनामा हिन्दु-मुस्लिमको संयुक्त कार्यक्रम

**टुडे समाचारदाता**

जनकपुरधाम । सिरहा र सुनसरीमा भएका हिंसात्मक घटनामा ज्यान गुमाएका चार जनाको सम्झनामा हिन्दु-मुस्लिम समुदायको संयुक्त श्रद्धाञ्जली सभा बिहीबार सिरहाको गोलबजारमा आयोजना गरिएको छ । साम्प्रदायिक सद्भाव, आपसी विश्वास र शान्तिपूर्ण सहअस्तित्वलाई सुदृढ बनाउने उद्देश्यले उद्योग व्यापार संघ गोलबजारले आयोजना गरेको कार्यक्रम भने अन्तिम चरणमा विवादमा परिणत भएको छ।




कार्यक्रममा सुनसरीको देवानगञ्ज घटनापछि उत्पन्न तनाव तथा त्यसको प्रभावबारे बोल्ने क्रममा सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का मधेश प्रदेश सभापति तथा प्रतिनिधिसभा सदस्य तपेश्वर यादवको अभिव्यक्तिपछि विवाद शुरु भएको छ।

सांसद यादवले सुनसरी र सिरहामा भएका घटनापछि सरकारमाथि अनावश्यक आरोप लगाइएको दाबी गर्दै मधेशमा तनाव सिर्जना हुनुमा सरकारभन्दा समाजका केही व्यक्ति तथा विपक्षी दलहरू जिम्मेवार रहेको आशय व्यक्त गरेका थिए । उनले सरकारविरुद्ध सुनियोजित षड्यन्त्र भइरहेको आरोपसमेत लगाए।

उनको मन्तव्य राजनीतिक विषयमा केन्द्रित हुँदै लामो हुन थालेपछि सभामा सहभागी केही सहभागीहरुले श्रद्धाञ्जली कार्यक्रममा राजनीतिक टिप्पणी नगर्न आग्रह गरेका थिए । त्यसपछि दुई पक्षबीच भनाभन शुरु भइ कार्यक्रमस्थलको वातावरण तनावग्रस्त बनेको थियो । विवाद बढ्दै गएपछि कार्यक्रम प्रभावित भएको आयोजकले जनाएकाछ छ।

स्थिति असहज बनेपछि सांसद यादव प्रहरीको सुरक्षामा कार्यक्रमस्थलबाट बाहिरिएका थिए । सञ्चारकर्मीहरुसंगको कुराकानीको क्रममा उनले आफूले कुनै गलत अभिव्यक्ति नदिएको र विपक्षी पक्षका व्यक्तिहरूले अनावश्यक विवाद सिर्जना गरेको जिकिर गरे।

यता, मधेश प्रदेशका पूर्वसांसद तथा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का नेता जगतप्रसाद यादवले श्रद्धाञ्जली सभालाई राजनीतिक रंग दिन खोजिएकै कारण कार्यक्रमको उद्देश्य प्रभावित भएको आरोप लगाए। उनले जनाए अनुसार मृतकहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दै सामाजिक सद्भाव कायम गर्ने उद्देश्यले आयोजना गरिएको कार्यक्रममा राजनीतिक अभिव्यक्तिले अनावश्यक विवाद सृजना भयो।

विवादअघि सम्पन्न कार्यक्रममा हिन्दू-मुस्लिम समुदायका अगुवा, स्थानीय जनप्रतिनिधि, उद्योगी-व्यवसायी, सामाजिक अभियन्ता तथा सर्वसाधारणको उल्लेख्य सहभागिता रहेको थियो । सहभागीहरूले सुनसरीका ओमप्रकाश मेहता, जयप्रकाश मेहता र रवीन्द्र मेहता तथा सिरहाका गणेश यादवप्रति श्रद्धाञ्जली अर्पण गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना गरेका थिए।

दुबै समुदायका प्रतिनिधिहरूले हिंसा कुनै पनि समस्याको समाधान हुन नसक्ने उल्लेख गर्दै सामाजिक सद्भाव, सहिष्णुता, आपसी सम्मान र विश्वासलाई अझ सुदृढ बनाउनुपर्नेमा जोड दिएका थिए। उनीहरूले अफवाह, उत्तेजनात्मक गतिविधि तथा साम्प्रदायिक द्वेष फैलाउने प्रयासप्रति सचेत रहन सबै पक्षलाई आग्रह गर्दै संवाद, कानुनी शासन र सहकार्यबाट मात्र स्थायी शान्ति कायम गर्न सकिने धारणा व्यक्त गरेका थिए।

आयोजकको अनुसार श्रद्धाञ्जली सभापछि गोलबजारमा सामूहिक सद्भाव र्‍याली निकाल्ने तथा बन्द रहेका पसल सञ्चालन गराउने तयारी गरिएको थियो । तर कार्यक्रममा विवाद उत्पन्न भएपछि ती कार्यक्रम अन्योलमा परेका छन् । केही सहभागीले विवादका कारण आफूहरू असुरक्षित महसुस गरेको बताएका छन्।

साउन १० गते सुनसरीको देवानगञ्जमा भएको हिंसात्मक घटनामा ओमप्रकाश मेहता, जयप्रकाश मेहता र रवीन्द्र मेहताको मृत्यु भएको थियो। त्यस घटनापछि उत्पन्न तनावका बीच साउन १४ गते सिरहाको गोलबजारमा आयोजित प्रदर्शनका क्रममा किशोर गणेश यादवको ज्यान गएको थियो।

सो घटनापछि मधेशका विभिन्न जिल्लामा तनावको अवस्था सृजना भएको थियो । पछिल्ला दिनमा स्थानीय तह, प्रशासन, नागरिक समाज तथा दुवै समुदायका अगुवाहरूले सामाजिक सद्भाव कायम गर्न विभिन्न पहल गरिरहेका बेला गोलबजारमा आयोजित संयुक्त श्रद्धाञ्जली सभामा भएको विवादले स्थानीय स्तरमा पुनः चिन्ता बढाएको छ।

### मधेशमा बढ्दो तापक्रम

## जनजीवन कष्टकर, अर्थतन्त्र र स्वास्थ्यमा गहिरिँदै जोखिम

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा पछिल्ला वर्षहरूमा तापक्रम निरन्तर बढ्दै गएको छ । प्रत्येक वर्ष जेठ-असार लागेसंगै ४० डिग्री सेल्सियसभन्दा माथिको तापक्रम सामान्य बन्दै गएको छ । चर्को गर्मीले दैनिक ज्यालादारी मजदुर, सडक व्यापारी, किसान तथा खुला आकाशमुनि काम गर्ने श्रमिकहरूको जनजीवन कष्टकर बनाएको छ भने यसले प्रदेशको अर्थतन्त्र, जनस्वास्थ्य र पूर्वाधारमा समेत गम्भीर असर पार्न थालेको छ।



जनकपुरधाम, वीरगञ्ज, कलैया, गौर, मलंगवा, जलेश्वर, लहान र राजविराजलगायतका मधेशका अधिकांश जिल्लामा गर्मीका कारण दिउँसो सडकहरू सुनसान देखिन थालेका छन् । चर्को घामका कारण मानिसहरू घरबाहिर निस्कन कम भएपछि सडक किनारमा व्यापार गर्ने साना व्यवसायीहरूको आम्दानी उल्लेख्य रूपमा घटेको छ । दैनिक कमाएर खाने वर्गका लागि गर्मी अहिले जीविकोपार्जनकै चुनौती बनेको छ।

मधेशको सहरी क्षेत्रहरू पनि तीव्र गतिमा तातिँदै गएको छ। बाक्लो बस्ती, कंक्रिटका संरचना र घट्दो हरियालीका कारण जनकपुरधाममा यसको प्रभाव प्रस्टरुपमा देख्न थालेको छ।

विश्व बैंकले सार्वजनिक गरेको 'ए लाइभेबल फ्युचरः प्रोटेक्टिङ जब्स एन्ड ग्रोथ फ्रम एक्सट्रिम हिट इन साउथ एसियाज सिटिज-२०२६' प्रतिवेदनले नेपाल दक्षिण एसियामै तीव्र गतिमा तापक्रम बढिरहेका मुलुकमध्ये एक रहेको जनाएको छ । प्रतिवेदनमा उल्लेख भए अनुसार नेपालको औसत तापक्रम पूर्वऔद्योगिक कालको तुलनामा १.२६ डिग्री सेल्सियसले बढिसकेको छ भने यही अवस्था कायम रहे शताब्दीको अन्त्यसम्म थप २.८ डिग्री सेल्सियसले वृद्धि हुने अनुमान गरिएको छ।

सो प्रतिवेदनले तराई क्षेत्र, विशेषगरी मधेश प्रदेश, अत्यधिक गर्मीको उच्च जोखिममा रहेको उल्लेख गरेको छ । तापक्रम वृद्धिसँगै तातो लहर (हिट वेभ) को अवधि लम्बिँदै गएको छ । जसले कृषि, निर्माण तथा अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमिकहरूको कार्यक्षमता घटाइरहेको छ।

मधेशको अर्थतन्त्र मुख्यतः कृषि, साना व्यापार तथा श्रममा आधारित छ । अत्यधिक गर्मीका कारण खेतबारीमा काम गर्ने समय छोटिँदै गएको छ भने निर्माण क्षेत्रमा पनि कामको गति सुस्त भएको छ। गर्मीका बेला श्रमिकहरू चाँडै थाक्ने, बिरामी पर्ने वा काम नै रोक्नुपर्ने अवस्था आउँदा उत्पादनशीलता घट्दै गएको छ । प्रतिवेदनका अनुसार तातो लहरका बेला अनौपचारिक क्षेत्रका मजदुरहरूको आम्दानी करिब ४० प्रतिशतसम्म घट्न सक्छ।

> **अत्यधिक गर्मीले कृषि उत्पादनमा पनि प्रत्यक्ष असर पारिरहेको छ । अत्यधिक तापक्रम र पानीको अभावका कारण धान, मकै, तरकारी तथा फलफूल उत्पादन प्रभावित हुन थालेको छ । यसले खाद्य सुरक्षा र किसानको आय दुवैमा दबाब सिर्जना गरिरहेको छ ।**

अत्यधिक गर्मीले कृषि उत्पादनमा पनि प्रत्यक्ष असर पारिरहेको छ। अत्यधिक तापक्रम र पानीको अभावका कारण धान, मकै, तरकारी तथा फलफूल उत्पादन प्रभावित हुन थालेको छ । यसले खाद्य सुरक्षा र किसानको आय दुवैमा दबाब सिर्जना गरिरहेको छ।


जनस्वास्थ्यका दृष्टिले पनि अवस्था चिन्ताजनक बन्दै गएको छ । लामो समयसम्म चर्को घाममा बस्दा लू लाग्ने, शरीरमा पानीको कमी हुने, मुटु, मिर्गौला र श्वासप्रश्वाससम्बन्धी समस्या बढ्ने जोखिम उच्च हुन्छ । बालबालिका, गर्भवती महिला, वृद्धवृद्धा तथा दीर्घरोगीहरू सबैभन्दा बढी जोखिममा छन् । स्वास्थ्य संस्थाहरूमा गर्मीजन्य बिरामीको संख्या बढ्न थाले पनि प्रभावकारी पूर्वसूचना प्रणाली र पर्याप्त तयारी अझै कमजोर देखिन्छ।


बढ्दो तापक्रमसँगै विद्युत् खपत पनि तीव्र रूपमा बढिरहेको छ । पंखा, कूलर र एयर कन्डिसनरको प्रयोग बढेपछि विद्युत् प्रणालीमा थप दबाब परेको छ। अर्कोतर्फ कालोपत्रे सडक, कंक्रिटका संरचना र हरियालीको अभावले मधेशका सहरहरू थप तातिरहेका छन् । रातिको समयमा समेत तापक्रम उच्च रहँदा मानिसहरूको शरीरले पर्याप्त विश्राम पाउन सक्दैन । जसले स्वास्थ्य जोखिम झन् बढाउँछ।

जलवायु परिवर्तनका क्षेत्रमा अध्ययन गर्दै आएका विज्ञहरूका अनुसार अहिलेको चुनौतीसँग जुध्न दीर्घकालीन तयारी आवश्यक छ। सहरहरूमा हरियाली विस्तार, सार्वजनिक स्थलमा छायाँयुक्त संरचना निर्माण, सुरक्षित खानेपानीको व्यवस्था, गर्मी सहन सक्ने भवन निर्माण, प्रभावकारी पूर्वसूचना प्रणाली तथा बाहिर काम गर्ने श्रमिकका लागि सुरक्षात्मक मापदण्ड लागू गर्नुपर्ने आवश्यकता बढेको छ।

विश्व बैंकले पनि सार्वजनिक स्वास्थ्य, ऊर्जा, यातायात, सामाजिक सुरक्षा र सहरी योजनामा गर्मी अनुकूलनका कार्यक्रम समावेश गर्न सरकारलाई सुझाव दिएको छ। कम लागतका उपायहरू–जस्तै रूख रोप्ने, छायाँयुक्त बसपार्क निर्माण गर्ने, पैदलमार्ग सुधार गर्ने तथा सार्वजनिक स्थानमा पिउने पानीको व्यवस्था गर्नेले पनि गर्मीको प्रभाव कम गर्न सक्ने प्रतिवेदनको निष्कर्ष निकालिएको छ।

मधेश प्रदेशका धार्मिक तथा पर्यटकीय क्षेत्र जनकपुरधामलगायतका स्थानमा छायाँयुक्त पदमार्ग, पानीका स्रोत, हरियाली तथा तापमैत्री पूर्वाधार विकास गर्नुपर्ने आवश्यकता औंल्याइएको छ। यसले स्थानीय बासिन्दासँगै पर्यटकको सुरक्षामा पनि सहयोग पुग्ने विश्वास गरिएको छ । बढ्दो तापक्रमले जनस्वास्थ्य, रोजगारी, कृषि, ऊर्जा र समग्र अर्थतन्त्रसंग जोडिएको चुनौती देखिन्छ।





अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# ग्यासको हाहाकार

नेपालमा खाना पकाउने ग्यास सिलिण्डरको हाहाकार भएको छ । संघीय राजधानी काठमाण्डुदेखि तराई मधेशसम्म ग्यास सिलिण्डरको हाहाकार भएको छ । नेपाल आयल निगमले ग्यासको समस्या नरहेको दाबी गर्दै आएको छ । तर ग्यास विक्रेताहरुको पसलमा सयौं उपभोक्ता दिनरात लाइनमा बसेका छन् । बिक्रेताहरुले ग्यास उपलब्ध गराउन सकिरहेको छैन। ग्यास सिलिण्डरको लामो लाइनको कारण आपूर्तिमा असहजता अथवा कालोबजार गर्ने तरिका सरकारले खुलस्त गर्न सकेको छैन । ग्यासको समस्या नरहेको सरकारी दाबीलाई ग्यास डिलरहरुमा लाग्ने लाइनले झुटो सावित गरिदिएको छ । सरकारले ग्यासको आपूर्तिलाई सहज बनाउन सकेको छैन । तराई मधेशका केही जिल्लाहरुमा दुई दिन कफ्र्यू लागेको थियो । तर ग्यास आयात हुने नाकाहरुमा कफ्र्यू थिएन । कफ्र्यू भएको जिल्लामा पनि अत्यावश्यक वस्तुहरुको ढुवानीमा अवरोध देखिएन । अहिले ग्यासको आपूर्ति असहज हुँदा कालोबजारी बढेको छ । देशैभरि यस्तो समस्या देखिएको हो । राजधानी काठमाण्डुमा साल्ट ट्रेडिंग कर्पोरेशनले ग्यास बिक्री शुरु गरेको बताइए पनि उपभोक्ताहरुको लाइनमा कमी आएको छैन । सरकारको प्राथमिकता काठमाण्डुमा ग्यासको आपूर्ति सहज गर्नु हो । त्यसपछि मात्र अन्य जिल्लाहरुमा ग्यासको आपूर्ति सहज बनाउने तर्फ सरकारले ध्यान दिनेछ । नेपालमा ग्यास रिफिलिंग गर्ने कम्पनीहरुले गत हप्ता तराई मधेशमा स्थिति असामान्य भएकोले आपूर्ति व्यवस्थामा कठिनाइ भएको बताएका छन् । उनीहरुले केही समयमै ग्यासको आपूर्ति सहज हुन केही दिन लाग्ने बताउने गरेका छन् । नेपालमा ग्यासको उत्पादन हुँदैन । भारतबाट आउने ग्यासलाई रिफिलिंग गरेर उपभोक्तासम्म पुऱ्याउने गरिन्छ।ग्यासको आपूर्ति अझै दुई, तीन दिन भित्र सहज नभए कालोबजारमा ग्यासको मूल्य चर्किने निश्चित छ। ईरान र अमेरिकाबीचको युद्ध चर्केको बेला सरकारले ग्यासको सिलिण्डिरमा सात किलो मात्र बेच्ने अनुमति ग्यास बिक्रेताहरुलाई दिएको थियो । गत हप्तादेखि पूरा सिलिण्डिर ग्यास बिक्री गर्न सरकारले भने पनि त्यो अझै तराई मधेशमा कार्यान्वयन भएको छैन। आधा सिलिण्डर ग्यास नै पाउन समेत कठिन भएको छ । सरकारले सुशासनको क्षेत्रमा काम गरिरहेको बताए पनि बजारमा नियन्त्रण कायम गर्न सकेको छैन । बजार अनियन्त्रित रहेकोले मूल्य बृद्धि हुनु अस्वभाविक होइन । बजारमा अनेक वस्तुहरुको कृत्रिम अभाव सृजना गरी मूल्य बृद्धि गराउन कालोबजारीयाहरु सक्रिय छन् । सरकारले उपभोक्तालाई सुपथ मूल्यमा भान्साको समान उपलब्ध गराउन आवश्यक छ। ग्यास सिलिण्डरको अभाव भएसँगै गृहिणीहरुको समस्या थपिएको छ। घरायशी कामहरु ठप्प गरेर उनीहरु दिनभरि मात्र नभइ अबेर रातिसम्म लाइनमा बस्न बाध्य छन् । सरकारल उपभोक्तालाई सहज रुपमा ग्यास उपलब्ध गराउत तत्काल पहल गर्नुपर्छ।

# सुनसरी घटनाले जन्माएका प्रश्नहरु



● श्रीमन नारायण

सनातन धर्म संस्कृतिको इतिहास बोक्दै आएको नेपाल धार्मिक सहिष्णुता, सामन्जस्य र सदभावका लागि विश्वप्रसिद्ध थियो। जबसम्म यो हिन्दु धर्म सापेक्ष राष्ट्र थियो, तबसम्म यहाँ सामाजिक एकता, सदभाव, अपनत्व र सहयोगात्मक भावना थियो। विगत दुई दशक अघि जब बिना कुनै कारण देशलाई धर्मनिरपेक्ष राष्ट्र घोषित गरियो, त्यहीबेला देखि यहाँ धार्मिक कट्टरता, असहिष्णुता र कटुता बढेको छ । नेपाली जनताको चाहना र इच्छाविपरीत विदेशीहरुको निहित स्वार्थ पूर्ति गर्न नेपाललाई धर्मनिरपेक्ष राष्ट्र घोषित गरियो । ८५ प्रतिशत हिन्दु र ९५ प्रतिशत जति ओमकार परिवारका अनुयायीहरु रहेको देशलाई धर्मनिरपेक्ष घोृषित गर्ने काम केवल नेपालमै संभव थियो र भयो पनि । नेपालका साम्यवादी र इसाई मेसिनरीहरुको इशारामा हिडने एनजीओवादीहरुद्धारा देशलाई धर्मनिरपेक्ष घोषित गर्नुको दुष्परिणाम सुनसरी घटना हो । सुनसरीमा भएको यो धार्मिक विवाद पहिलो होईन, न त यो अन्तिम नै हो । सुनसरी, सप्तरी, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, पर्सा र यदाकदा पश्चिमी नेपालका कपिलवस्तु र बाँकेमा पनि धार्मिक विवाद भई नै रहन्छ। सुनसरी घटनामा दुई जना निर्दोष युवाको ज्यान गयो। सुनसरी घटनाको विरोधमा प्रदर्शन गर्ने क्रममा एक जना युवाले सिरहामा पनि ज्यान गुमाउनु पऱ्यो । धार्मिक उन्मादमा केवल जेनजी उमेर समुहका तीन जना युवाको ज्यान मात्रै गएन, भौतिक सम्पतिको हानी नोक्सानी पनि भयो। परस्पर विशवास र सामन्जस्यको धागो पनि चुडिन गयो। आखिर धार्मिक असहिष्णुता नेपालमा विकसित कसरी भयो ? स्थानीय प्रशसानको अनुमति लिएर काँवर यात्रा निकाल्दा अवरोध किन गरियो । डिजे बाजाको स्वर खराब अवश्य पनि हुन्छ तर यसको गुनासो स्थानीय प्रशासन र प्रहरीसित किन गरिएन ? नागरिक स्तरवाट विरोध गर्ने काम किन भयो ? डिजे बाजाको प्रयोग दुवै समुदायको मान्छेले गर्छन, यसको विरोध नै गर्ने हो भन्ने दुवै पक्षले यसको प्रयोगलाई वर्जित गर्नुपर्छ, होईन भन्ने दुवै पक्षलाई प्रयोग गर्न दिनु पर्छ। यस्ता सम्वेदनशील विषयमा संयम देखाउनुपर्छ।

सुनसरी घटनाका पीडित र नेपाल सरकारवीच भएको सम्झौताको एउटा बुँदामा स्थानीय देवानगन्ज-३ मा सन्चालित मदरसाको गतिविधिको छानविन गर्नुपर्ने विषय पनि रहेको छ । नेपालमा मदरसा शिक्षालाई मान्यता दिइएको छैन तर पनि वर्षेनी यसको संख्या बढदै गएको छ।

नेपालमा सन्चालनमा रहेका मदरसाहरु मध्ये अधिकांश मदरसा न त स्थानीय तह र न त जिल्ला शिक्षा कार्यालयमा नै दर्ता रहेको छ। मदरसामा पढने छात्रहरु मध्ये कतिपय विदेशीहरु पनि छन्। मदरसामा पढने छात्रहरुको जन्मदर्ता र पहिचानसँग सम्बन्धित विश्वसनिय कागजात रहे नरहेको छानविन पनि सरकारको स्तरवाट हुनुपर्छ मदरसामा पढाउने शिक्षकहरुको नेपाली पहिचानपत्र हुनु आवश्यक छ । नेपालको मदरसामा केवल नेपाली मौलवीहरु मात्रै रहनुपर्छ। विदेशी छात्र र मौलवीहरुलाई नेपालको मदरसामा पढन अथवा पढाउन दिनु हुँदैन किनभने यस्ता व्यक्तिहरु नेपालमा अपराध गरी सिमापारी लुक्ने सिमापारी अपराध गरी नेपालमा लुकेर बस्न सक्छन् । नेपालको नागरिकता र राष्ट्रिय परिचयपत्र भएका मौलवीहरु मात्रै नेपालका मदरसा शिक्षक हुने व्यवस्था हुनुपर्छ । तिनको शैक्षिक प्रमाण पत्रको बैधताको पनि छानविन हुनुपर्छ।

नेपालको मदरसाहरु पढाईने पुस्तकहरु पनि नेपालवाट नै प्रकाशित भएको हुनुपर्छ । मदरसामा पढाईने पुस्तकहरुको नेपाली अनुवाद सबैले पढने र बुझ्ने खालको हुनुपर्छ। मदरसामा पढाईने कतिपय पुस्तकहरु धार्मिक कट्टरता र असहिष्णुता फैलाउने खालका हुन्छन् । नेपालवाट प्रकाशित र नेपालीमा अनुवाद गरिएका पाठय पुस्तकहरुलाई मात्रै अध्ययन-अध्यापनमा ल्याईनुपर्छ। बाहिरका भए पनि त्यसको नेपाली र अंग्रेजी अनुवाद हुनुपर्छ । आवश्यकता र औचित्य भएका मदरसाहरुलाई मात्र सन्चालनमा ल्याईनुपर्छ। नेपाल सरकारको आधिकारिक निकायमा दर्ता हुन नरुचाउने मदरसाहरु सन्चालनमा रही रहनुको औचित्य छैन। सरकारको रेखदेख र निगरानीमा रहने मदरसाहरुलाई नेपाल सरकारले नै आर्थिक सहायता दिनुपर्छ।

नेपाल जस्तो देशमा उर्दु विश्वविद्यालयको मागको के औचित्य ? पक्कै पनि यो विदेशीहरुको चाहनालाई प्रतिनिधित्व गर्दछ । जब नेपाललाई धर्मनिरपेक्ष राष्ट्र घोषित गरि सकिएको छ भन्ने यहाँ मुस्लिम आयोग किन ? यदि मुस्लिम आयोगको गठन हुन सक्दछ भन्ने बुद्ध, सिख, जैन, हिन्दु र ईशाई आयोगको पनि गठन गर्नुपर्ने हुन्छ। एउटा धर्मनिरपेक्ष देशमा धर्मको आधारमा छुटै धार्मिक आयोगको गठन किन ? संविधानमा संशोधन गर्दा यस विषयमा पनि ध्यान दिनु उचित हुनेछ।

नेपालमा जब-जब हिन्दु राष्ट्र स्थापनाको कुरा आउँछ, साम्यवादी र इसाई मेसिनरीवाट लाभान्वित र सन्चालितहरु यसमा भारतको हिन्दुवादी संगठनको हात भएको आरोप लगाउँछन् तर आफनो अस्तित्वकालदेखि नै सनातन हिन्दु राष्ट्रको पहिचान बोकेको नेपाललाई २० वर्ष अघि कसको इशारा एवं निर्देशनमा धर्मनिरपेक्ष राष्ट्र घोषित गरियो, यसको जवाफ उनीहरुसित हुँदैन ?

दक्षिणी छिमेकी भारतलाई यदि नेपालमा हिन्दु राष्ट्र नै चाहिएको थियो भने २००७ फागुन ७ मा नेपालमा प्रजातन्त्र नै आउने थिएन। राणा शासकहरु त हिन्दु धर्म प्रति कट्टर नै थिए । यस्तो अवस्थामा नेपालमा प्रजातन्त्रको स्थापना नै हुने थिएन । भारतलाई नेपालमा हिन्दु राष्ट्र मात्रै चाहिएको थियो भने पंचायती शासन व्यवस्था त घोषित रुपमा हिन्दु धर्मको पक्षपाति थियो तर होइन, ३० वर्ष पुरानो पंचायती व्यवस्थालाई हटाउन र देशमा प्रजातन्त्रको पुनः स्थापनामा भारतको ठुलो नैतिक समर्थन थियो।

राजा ज्ञानेन्द्रले शासनसत्ता आफनो हात्तमा लिदा पनि नेपाल हिन्दु राष्ट्र नै थियो । भारतलाई हिन्दुराष्ट्र नै चाहिएको थियो भने नेपालको जनआन्दोलन-२ सफल नै हुने थिएन। जनआन्दोलन-२ को सफलता पश्चात नेपाललाई धर्मनिरपेक्ष राष्ट्र घाषित गरिदाँ त्यसको समर्थन नेपाली काँग्रेस, एमाले लगायत देशका सबै बामपन्थी दलहरु र हिन्दु धर्मको हिमायती मानिएको राप्रपा र मधेसी दलले पनि गरेका थिए।

संविधानसभाको दुईतिहाई बहुमतवाट नेपालको संविधान २०७२ जारी हुँदा र देशलाई धर्मनिरपेक्ष राष्ट्र घोषित गरिदा कमल थापा नेतृत्वको राप्रपा नेपाल, नेपाली काँग्रेस, एमाले र माओवादीले पनि त्यसको समर्थन गरेको थियो। वि.सं.२०६३ सालमा नेपाललाई धर्मनिरपेक्ष राष्ट्र घोषित गरिदाँ जुन साम्यवादी र इशाई मेसिनरीहरुले भारतमाथि दोषारोपण गरेका थिए, तिनै साम्यवादी र इशाई मेसिनरीहरुले दशवर्ष पछि भारतले नेपालमा हिन्दु राष्ट्र चाहेको आरोप लगाए, यो आरोप अहिले पनि छ। इसाई मेसिनरीको इसारामा नेपालमा एनजीओ खोली करोडौं रुपैयाँ कमाउँदै आएका नेपालका पश्चिमा एजेण्टहरुले नै नेपाललाई धर्मनिरपेक्ष राष्ट्र घोषित गराए। नेपालका कम्युनिष्टहरु शुरुदेखि नेपाललाई धर्मनिरपेक्ष राष्ट्र बनाउन चाहन्थे। नेपाली काँग्रेस दोहरो भूमिकामा छ । एकातिर नेपाललाई धर्मनिरपेक्ष घोषित गराउनमा सक्रिय भूमिकाका निर्वाह पनि गर्दै आएको छ भने अर्कोतिर बाहिर-बाहिर आफुलाई हिन्दु धर्मको हिमायती पनि सावित गर्न खोज्दैछ। नेपालमा कस्तो किसिमको शासन प्रणाली रहने हो, यसको निर्णय गर्ने अधिकार नेपालीहरुको हो र नेपालीहरुले नै यसको निर्णय पनि गर्दै आएका छन्। भारतलाई केवल बदनाम गर्ने काम मात्रै हुन्छ। आफनो कमी कमजोरी र गल्तिलाई स्वीकार गर्ने संस्कार नेपालीहरुमा देखिदैन।

म्यानमारवाट धपाईएका र बङ्गलादेशले समेत आफनो देशमा राख्न नचाहेका रोहिंग्या शरणार्थीको भारी नेपालले किन बोक्ने ? नेपाल आएपछि ढिलो-चाँडो नेपाली चेलिबेटिलाई आफनो माया प्रितिको जालमा फसाउने र दर्जनको हिसाबले बच्चा जन्माएपछि त्यसको पालन पोषण नेपालले गर्नुपर्ने अवस्था आउन सक्दछ । पितृत्वको ठेगान नभएका सन्तानले आमाको नाममा नागरिकता पाउने संवैधानिक अवस्था नेपालमा रहेको छ, यसको व्याप्क रुपमा दुरुपयोग भयो भन्ने के गर्ने ? अवैध भान्जा पाल्ने देशको रुपमा नेपाललाई किन विकसित गर्ने ? भुटानी शरणार्थी समस्यावाट पिडित नेपालले थप शरणार्थीको भारी बोक्नु हुँदैन। सुनसरी घटनाले उब्जाएका प्रश्नहरु चिन्ताजनक छन् । नेपाली समाजमा बसोवास गर्नेहरुबिच सामन्जस्य र एकता रहनुपर्छ । झिनो-मसिनो कुरालाई लिएर विवाद खडा गर्नु हुँदैन । निकै कम समयमा सरकारले परिस्थितिलाई सामान्य बनाएको छ । सुनसरी घटनामा भएको धन-जनको क्षति दुर्भाग्यपूर्ण हो । दोषीले सजाय पाउनुपर्छ । यदि विदेशी नागकिर नेपालमा अवैध रुपमा बसोवास गरिरहेका छन् भने त्यस्तालाई देश निकाला हुनुपर्छ। नेपालहिरु एक जुट भएर बस्नु पर्छ।


## भाखा नाघेको कर्जा बुझाउने बारे कृषि विकास बैंक लि. शाखा कार्यालय सुखीपुरको २१ दिने सूचना

यस बैंकको तपसिलका कार्यालयहरुबाट तपसिल बमोजिमका व्यक्तिहरुले निम्न उद्देश्यका लागि बिभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले वारम्वार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, व्याज तथा बैंकले पाउनु पर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ । उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३, कृषि विकास बैंक लि. को कर्जा असूली विनियमावली तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरिने व्यहोरा समेत जानकारी गराउदछौं । साथै तपसिल बमोजिमका व्यक्तिहरुलाई बैंकबाट कर्जा लिन मञ्जूरीनामा दिनेहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराईएको छ ।

**सम्बन्धित कार्यालयको नाम : कृ.बि.बैंक लि. शाखा कार्यालय, सुखीपुर**

| क्र.सं. | ग्राहक नं. | कर्जा ग्राहकको नाम | ठेगाना | मि.नं. | पिता।पतिको नाम | बाजे।ससुराको नाम | कर्जाको उदेश्य | सावा रकम | २०८३ श्रावण १९ गते सम्मको किस्ता र ब्याज रकम | जम्मा तिनुपर्ने रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १९६०२९२ | सुदिश कृषि तथा पशुपालन फर्म प्रो. श्री नारायण यादव | सुखिपुर न.पा ०२ | ६९१७ | सुकदेव यादव | अनुप यादव | पशुपालन कर्जा | १४००००० | ४९५६२ | १४४९५६२ |
| २ | १९६०२९२ | सुदिश कृषि तथा पशुपालन फर्म प्रो. श्री नारायण यादव | सुखिपुर न.पा ०२ | ६९१७ | सुकदेव यादव | अनुप यादव | पशुपालन कर्जा | १६५०००० | १११७७८ | १७६१७७८ |
| ३ | ५४९५८८९ | एस.एम. काठ फर्निचर उद्योग प्रो.सन्तोष कुमार महतो | लहान नगरपालिका ०८ | ७१८१ | रामसेवक महतो | लखन महतो | उद्योग कर्जा | ३०००००० | ३७०५६६ | ३३७०५६६ |
| ४ | ५४९५८८९ | एस.एम. काठ फर्निचर उद्योग प्रो.सन्तोष कुमार महतो | लहान नगरपालिका ०८ | ७१८१ | रामसेवक महतो | लखन महतो | उद्योग कर्जा | १७००००० | १५७४२१ | १८५७४२१ |
| ५ | ८६१७७५ | हरिश चिउरा एण्ड भुजा उद्योग प्रो. चन्द्र पजिंयार सुडी | सुखिपुर ३ हाल सुखिपुर ८ | ६०२२ | बद्री पजिंयार सुडी | दुखि पजियार | उद्योग कर्जा | ३०००००० | ४५५५५९ | ३४५५५५९ |
| ६ | ५६१५२७५ | बिसेश्वर सिंह | लक्ष्मीपुर पतारी ०४ | ७२२४ | पुरुषोत्तम सिंह दनुवार | मनाई सिंह | सरल कृषि कर्जा | १०८०००० | ५५१८९ | ११३५१८९ |
| ७ | ८६१५९० | दरबारी खत्वे | पिपरा ४ | ५३४८ | फूसियाहा मण्डल | मिथारु मण्डल | सरल कृषि कर्जा | २७०००० | ५२७८ | २७५२७८ |
| ८ | ८६१६८५ | गंगो माता जनरल स्टोर प्रो. फेकनी देवी | वरियारपट्टी ०१ | ५७४६ | जगबिर यादव | भुटाई यादव | व्यवसाय कर्जा | १०००००० | २२७१८ | १०२२७१८ |
| ९ | ५५५०५२३ | जिवछी देवी ठाकुर | वरियारपट्टी ०३ | ७२०९ | उपेन्द्र ठाकुर | छठु ठाकुर | सरल कृषि कर्जा | ८५९८२५ | १३२०५२ | ९९१८७७ |
| १० | ५६६७४८७ | मितन महतो | धनगढीमाई न.पा ०५ | ७२५२ | सहदेब महतो कोइरी | खटर महतो | सरल कृषि कर्जा | १५७२५०० | १००६१० | १६७३११० |
| ११ | ५२०१४३१ | ओम शिव गौरी ट्रेडस प्रो.रमेश चौधरी | सुखिपुर न.पा ०८ | ६९६६ | छेदीलाल चौधरी | शिवधन चौधरी | व्यवसाय कर्जा | १०००००० | ३५२०४ | १०३५२०४ |
| | | | | | | | | १६५३२३२५ | १४९५९३७ | १८०२८२६२ |

**कृषि विकास बैंक लि.**
**मधेश प्रदेश कार्यालय, जनकपुर**



## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

**मेष :** आज चन्द्रमा आफ्नै राशिमा रहेकाले मनमा उर्जा र उत्साह थपिनेछ।
**वृष :** खर्च बढ्ने र काममा केही ढिलासुस्ती हुन सक्ने योग छ।
**मिथुन :** आम्दानीका नयाँ स्रोतहरु पहिल्याउन सकिनेछ।
**कर्कट :** घरायसी वातावरण आनन्ददयी रहनेछ र परिवारसंग राम्रो समय बित्नेछ।
**सिंह :** रोकिएका धार्मिक वा साँस्कृतिक कामहरु पूरा हुनेछन्।
**कन्या :** स्वास्थ्यमा केही उतारचढाव आउन सक्ने भएकाले सतर्क रहनुहोला।
**तुला :** व्यापार-व्यवसायमा राम्रो लाभ मिल्नेछ।
**वृश्चिक :** शत्रु र प्रतिस्पर्धीहरु परास्त हुनेछन्।
**धनु :** बौद्धिक र रचनात्मक काममा सफलता मिल्नेछ।
**मकर :** पारिवारिक विषयलाई लिएर मनमा केही चिन्ता वा तनाव हुन सक्छ।
**कुम्भ:** तपाईको पराक्रम र कार्यक्षमतामा वृद्धि हुनेछ।
**मीन:** आर्थिक दृष्टिले आजको दिन निकै राम्रो छ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378


## महत्वपूर्ण टेलिफोन नम्बरहरु

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**
बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**
बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
बिहान पूजा आरती : ०७:०० बजे
बिहान ढोका बन्द : १२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय : ०४:०० बजे
सन्ध्या पूजा आरती:साँझ : ०७:३० बजे

## राम मन्दिर प्रत्येक दिन

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
मंगल आरती : ०७:३० बजे
महाप्रसाद भोग : १२:०० बजे
दिउँसो ढोका खुल्ने समय : ०३:३० बजे
सन्ध्या पूजा आरती साँझ : ०७:०० बजे
रात्रि भोग : ०९:०० बजे
पट बन्द : ०९:१५ बजे

## ट्यांकरको ठक्करबाट ९ जना घाइते

**टुडे समाचारदाता**

वीरगञ्ज । ग्यास ट्यांकरले ई-रिक्सालाई पर्साको वीरगञ्ज महानगरपालिका-२४ बहुअरी चोकस्थित हुलाकी सडकमा ठक्कर दिँदा ९ जना यात्रु घाइते भएका छन् । दुर्घटनामा घाइतेमध्ये ६ जनाको अवस्था गम्भीर रहेको प्रहरीले जनाएको छ ।

गएराति पावर हाउसबाट तिलावे पुलतर्फ जाँदै गरेको ना २ ह ६६८२ नम्बरको ई-रिक्सालाई पछाडिबाट आइरहेको आरजे १४ जीई ८७१० नम्बरको ग्यास ट्याङ्करले ठक्कर दिएको थियो । ठक्करपछि ट्याङ्कर घटनास्थलबाट फरार भएको थियो ।

दुर्घटनामा घाइते भएका सबै ९ जनाको उद्धार गरी वीरगञ्जस्थित नारायणी न्युरो अस्पतालमा उपचार भइरहेको छ । अस्पताल स्रोतका अनुसार घाइतेमध्ये ६ जनाको अवस्था गम्भीर छ भने तीन जनाको अवस्था मध्यम रहेको छ । घटनापछि फरार ट्याङ्कर र चालकलाई प्रहरीले खोजी गरी नियन्त्रणमा लिएको छ ।

# घट्यो यातायात राजश्व संकलन

**टुडे समाचारदाता**



जनकपुरधाम । यातायात व्यवस्था कार्यालय जनकपुरधामको राजश्व संकलनमा भारी गिरावट आएको छ । गत आर्थिक वर्ष २०८२/८३ मा ९ करोड बढी रकम रावश्व संकलन गरेको हो ।

कार्यालयको तथ्यांक अनुसार ५७ करोड १५ लाख रुपैयाँभन्दा बढी राजस्व संकलन गरेको छ । कार्यालय प्रमुख वासुदेव मल्लका अनुसार यो रकम अघिल्लो आर्थिक वर्ष २०८१/८२ को तुलनामा ९ करोड ५४ लाख १३ हजार ३४४ ले कम हो ।

नयाँ सवारी दर्ता, सवारी नवीकरण, सवारी चालक अनुमतिपत्र (लाइसेन्स) वितरणलगायतका सेवामार्फत कार्यालयले कुल ५७ करोड १५ लाख ३० हजार ६३६ रूपैयाँ राजस्व उठाएको हो । आर्थिक वर्ष २०८१/८२ मा कार्यालयले विभिन्न शीर्षकबाट ६६ करोड ६९ लाख ४३ हजार ९८० रूपैयाँ राजस्व संकलन गरेको थियो ।

राजस्व घट्नुको मुख्य कारण गत भदौमा भएको 'जेनजी' आन्दोलन र आर्थिक वर्षको अन्तिम चरणमा यातायात व्यवस्था विभागले नयाँ सफ्टवेयर प्रणाली कार्यान्वयनका क्रममा आएको प्राविधिक ढिलाइ रहेको कार्यालयले जनाएको छ । ती कारणले केही समय सेवा प्रवाह प्रभावित हुँदा राजस्व संकलनमा प्रत्यक्ष असर परेको कार्यालयको भनाइ छ ।

कार्यालयले तथ्यांक अनुसार गत आर्थिक वर्षमा २१ हजार २९४ वटा नयाँ सवारीसाधन दर्ता भएका छन् । दर्ता हुनेमध्ये सबैभन्दा धेरै १६ हजार ९५७ वटा मोटरसाइकल रहेका छन् ।

त्यसैगरी १ हजार ९०२ वटा टेम्पो तथा विद्युतीय रिक्सा, १ हजार २२ वटा ट्र्याक्टर, २२६ वटा जिप तथा कार र १८७ वटा बस तथा ट्रक दर्ता भएका छन् । सोही अवधिमा नयाँ तथा वर्ग थपसहित १३ हजार ३३८ जनालाई सवारी चालक अनुमतिपत्र (लाइसेन्स) वितरण गरिएको कार्यालयले जनाएको छ ।

यातायात व्यवस्था कार्यालयले सेवा प्रवाहलाई थप प्रभावकारी बनाउँदै राजस्व संकलन बढाउने र सेवाग्राहीलाई सहज सेवा उपलब्ध गराउनेतर्फ आगामी वर्ष विशेष ध्यान दिइने कार्यालय प्रमुख मल्लले बताएका छन् ।

## पिपरा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### पिपरा, महोत्तरी
### मधेश प्रदेश, नेपाल

## मौजुदा सूची दर्ता गराउने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८३।०४।२२**

यस गाउँपालिकाको लागि आ.व. २०८३।८४ मा आवश्यक पर्ने समान तथा खरिद गर्न सार्वजनिक खरिद ऐनको दफा ६ (क) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ मा भएको कानूनी व्यवस्था बमोजिम तपसिलको कार्य गर्न इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले आ.व. २०८१/०८२ को व्यवसायिक नविकरण भएको प्रमाण पत्र कर चुक्ता प्रमाण पत्र सहित स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी सहित सार्वजनिक खरिद नियमावली २०६४ को अनुसुची २ (क) बमोजिमको ढाँचामा निवेदन दिनु हुन र आ.व. २०८२/०८३ मा यस कार्यालयमा सुचीकृत दर्ता गरेको तथा आ.व. २०८२/०८३ को व्यवसाय नविकरण भएको प्रमाण पत्र कर चुक्ता प्रमाण पत्र सहित स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र नियमानुसार निवेदन दिनु हुन जानकारी गराईन्छ ।

**तपसिल**

१. मसलन्द छपाई तथा कार्यालय सामान आपूर्ति
२. फर्निचर तथा फर्निशिंग सामान आपूर्ति तथा मर्मत सम्बन्धी कार्य
३. मेशिनरी औजार (कम्प्युटर, प्रिन्टर फोटोकोपी मेशिन आदी) तथा इलेक्ट्रिकल सामान आपूर्ति तथा मर्मत,
४. भवन मर्मत सम्भार निर्माण सम्बन्धी सेवा
५. कुरियर सेवा
६. प्रशासनिक विषय संग सम्बन्धि अध्ययन अनुसन्धान तथा विभिन्न विषय संग सम्बन्धि सफटवेयर निर्माण मर्मत तथा आपुर्ति र सुचना प्रविधि संग सम्बन्धी विभिन्न परामर्श सेवा
७. फलफुल बिरुवा सप्लाई तथा बगैंचा व्यवस्थापन सम्बन्धी कार्य
८. स्वास्थ्य, पशु, कृषिजन्य औषधी तथा सर्जिकल उपकरणाहरु
९. खाजा, खाना, चिया, पानी आदि
१०. विज्ञापन प्रकासन सम्बन्धी
११. विभिन्न प्राविधिक विषयको सेवा आपूर्ति, सबै डिजाइन आदि
१२. इन्टरनेट सेवा
१३. पत्रपत्रिका आपूर्ति गर्ने काम
१४. इन्धन आपूर्ति गर्ने काम

# खेलकुद सामग्री वितरण



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारका खेलकुद तथा समाज कल्याण मन्त्रालयले प्रदेशस्थित बिद्यालयहरुलाई खेलकुद सामग्री वितरण गरेका छन् ।

बिहीवार मन्त्रालयमा आयोजित एक कार्यक्रमका बीच खेलकुद क्षेत्रको विकास तथा युवालाई खेलप्रति थप आकर्षित गर्ने उद्देश्यका साथ खेलकुद तथा समाज कल्याण मन्त्री लखन दास तत्माले ती खेलकुद सामाग्रीहरु विद्यालयका प्रतिनिधिहरुलाई वितरण गरेका हुन् ।

मन्त्रालयले आयोजित कार्यक्रममा फुटबल, भलिबल, क्रिकेट, ब्याडमिन्टन,क्रयामबोड लगायत विभिन्न खेलका सामग्री विद्यालयका प्रतिनिधिलाई हस्तान्तरण गरिएको हो । विद्यालयहरूको मागलाई मध्यनजर गर्दै २० लाख रुपैयाँ विनियोजन गरिएको भए पनि केही प्राविधिक कारणले पहिलो चरणमा १० लाख रुपैयाँ बराबरका सामग्री मात्र वितरण गरिएको जनाइएको छ ।

लाभग्राहीहरूलाई खेलकुद सामग्री हस्तान्तरण गर्दै खेलकुदको माध्यमबाट स्वस्थ, अनुशासित र सक्षम समाज निर्माण गर्न प्रदेश सरकार प्रतिबद्ध रहेको बताए । उनले खेलाडीहरूको क्षमता अभिवृद्धि, आवश्यक पूर्वाधार निर्माण तथा खेलकुद सामग्रीको उपलब्धतामा मन्त्रालयले निरन्तर प्राथमिकता दिँदै आएको भने ।

मन्त्री तत्माले खेलकुदलाई युवाको भविष्य निर्माणसँग जोडिएको महत्वपूर्ण क्षेत्र भएको उल्लेख गर्दै प्रदेशभरका प्रतिभावान खेलाडीहरूलाई प्रोत्साहन गर्ने उद्देश्यले यस्ता कार्यक्रमहरू आगामी दिनमा पनि निरन्तर सञ्चालन गरिने जानकारी दिए ।

मधेश प्रदेश सरकारले खेलकुद क्षेत्रको समग्र विकास, युवाको सहभागिता वृद्धि तथा प्रदेशलाई खेलकुदमैत्री प्रदेशका रूपमा स्थापित गर्ने लक्ष्यसहित विभिन्न योजना तथा कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गर्दै जानकारी गराउँदै उनले खेलकुद सामग्री वितरण कार्यक्रमलाई खेलाडीहरूको मनोबल अभिवृद्धि गर्ने उद्देश्यले वितरण गरिएको बताए ।

## भूमि प्रशासन कार्यालय जनकपुरधाम, धनुषा
## म्याद तामेली सम्बन्धी ३० (तिस) दिने सार्वजनिक सूचना

जि.धनुषा मिथिलेश्वर गा.वि.स.वार्ड नं.३ परिवर्तित भुतही पटेर्वा गा.वि.स.वा.नं.८ हाल परिवर्तित मिथिला विहारी नगरपालिका वा.नं.१ मा बस्ने मुसहर मिया नदाफ भन्ने मुसहर नदाफ-१ वादी र जिल्ला धनुषा गा.वि.स.धनुषाधाम वार्ड नं.७ परिवर्तित धनुषाधाम नगरपालिका वा.नं.३ मा बस्ने बस्ने मुखिया यादवको छोरा भरत यादव-१ प्रतिवादी भई कार्यवाहीयुक्त अवस्थामा रहेको मि.नं.१३१५ डा.मि.२०७५/१०/१३ गतेको मोही जग्गा बाँडफाँड मुद्दामा विपक्षी/ प्रतिवादीका नाउँमा जारी भएको १५(पन्ध्र) दिने सूचना/म्याद तामेली हुन नसकी प्रतिवेदन सहित फिर्ता भएको र मिति २०८३/०४/१८ गतेमा भएको मुलुकी देवानी कार्यविधि संहिता,२०७४ को दफा १०५ को उपदफा २२ बमोजिम प्रतिवादी नाउँको सूचना/ म्याद सरहको सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गराई पेश गर्नु भनि भएको आदेशानुसार तपाई प्रतिवादीको नाउँमा यो म्याद सरहको ३०(तिस) दिने सूचना प्रकाशित गर्ने कार्य भएको छ । अतःप्रतिवादी भरत यादवको नाउँमा दर्ता कायम रहेको उल्लेखित तपसिल बमोजिमको जग्गा बाँडफाँड गरी मोही लगत कट्टा गरि पाउँ भन्ने व्यहोराको निवेदन परेकोमा तपाई भरत यादवको नाउँको म्याद सरहको यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३०(तिस) दिन भित्र आफ्नो लिखित जवाफ/प्रतिउत्तर लिई आफैं वा वारेश मुकरर गरी पठाई कानून बमोजिम हाजिर हुन आउनु होला म्याद भित्र नआएमा वा म्याद गुजारी बसेमा कानून बमोजिम उल्लेखित कित्ता बाँडफाँड भई मोही लगत कट्टा हुनेछ । पछि कुनै उजुर बाजुर लाग्ने छैन भनि जानकारीका लागि ३०(तिस) दिने म्याद सरहको यो सार्वजनिक सूचना प्रकाशित गरिएको व्यहोरा सादर अनुरोध छ ।

**तपसिल**

| सि. नं. | जिल्ला | गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | जग्गाको तर्फ | ज.ध.को नाम,थर |
|---|---|---|---|---|---|---|---|
| १. | धनुषा | भुतही पटेर्वा | ९ | ६०५ | १-६-० | मोहीलाई उत्तर तर्फबाट | भरत यादव |

# श्रीमति संघको वार्षिकोत्सवमा रक्तदान

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल प्रहरी श्रीमती संघ मधेश प्रदेशले आफ्नो ४२ औं वार्षिकोत्सवको अवसरमा रक्तदान कार्यक्रम सम्पन्न गरेको छ ।

वार्षिकोत्सवको अवसरमा संघले रक्तदानसँगै वृक्षारोपण तथा बिरामीलाई फलफूल वितरण कार्यक्रम समेत आयोजना गरेको छ । बिहीबार नेपाल रेडक्रससोसाइटीकोसहकार्यमाआयोजित रक्तदान कार्यक्रममा प्रहरी कर्मचारी, उनीहरूका परिवार तथा सर्वसाधारणको सहभागिता रहेको थियो ।

कार्यक्रममार्फत संकलित ३२ जना रक्तदाताको रगतले आवश्यकतामा रहेका बिरामीको उपचारमा सहयोग पुग्ने विश्वास व्यक्त गरिएको छ । वातावरण संरक्षण र हरियाली प्रवर्द्धन गर्ने उद्देश्यले वृक्षारोपण गरिएको सँगै अस्पतालमा उपचाररत बिरामीलाई शीघ्र स्वास्थ्यलाभको कामनासहित फलफूल वितरण गरिएको संघले जनाएको छ ।

कार्यक्रमलाई सम्बोधन गर्दै मधेश प्रदेश प्रहरी कार्यालयका प्रमुख प्रहरी नायव महानिरीक्षक ओमप्रसाद अधिकारीले नेपाल प्रहरी श्रीमती संघले सामाजिक उत्तरदायित्वसँगै प्रहरी परिवारको मनोबल अभिवृद्धिमा उल्लेखनीय भूमिका निर्वाह गर्दै आएको भने ।

उनले प्रहरी कर्मचारीहरू चौबीसै घण्टा नागरिकको सुरक्षामा खटिने भएकाले उनीहरू र उनीहरूको परिवारलाई हौसला प्रदान गर्ने कार्य प्रशंसनीय रहेको भन्दै प्रशंसा समेत गरे ।

डिआईजी अधिकारीले रक्तदानलाई जीवनदानसँग जोड्दै संकलित रगतले भविष्यमा आवश्यकतामा परेका बिरामीको ज्यान बचाउन महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गरे ।

## सर्टिफिकेट हरायो

घरबाट जनकपुर जानेक्रममा मेरो Diploma in Agriculture को ट्रान्सक्रिप्ट, चारित्रिक तथा माइग्रेशन मिति २०८३/४/१७ गते हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगाना अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ ।

**नामः** अंजली कुमारी यादव
**ठेगानाः** जि. धनुषा, मिथिला बिहारी न.पा.-५
**रजिष्ट्रेशन नं.:-** DAG-01062-020
**सिम्बोल नं.:-** ०६००११६९
**मो.न :-** ९७१४५४१७९२

## भाखा नाघेको कर्जा बुझाउने बारे कृषि विकास बैंक लि. शाखा कार्यालय रामानन्द चौकको २१ दिने सूचना

यस बैंकको तपसिलका कार्यालयहरुबाट तपसिल बमोजिमका व्यक्तिहरुले निम्न उद्देश्यका लागि बिभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले वारम्वार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, व्याज तथा बैंकले पाउनु पर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ । उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३, कृषि विकास बैंक लि. को कर्जा असूली विनियमावली तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरिने व्यहोरा समेत जानकारी गराउदछौं । साथै तपसिल बमोजिमका व्यक्तिहरुलाई बैंकबाट कर्जा लिन मञ्जूरीनामा दिनेहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराईएको छ ।

**सम्बन्धित कार्यालयको नाम : कृ.बि.बैंक लि. शाखा कार्यालय, रामानन्द चौक, धनुषा**

| क्र. सं. | कर्जा ग्राहकको नाम (फर्म, प्रोप्राईटरको नाम/कम्पनि तथा संचालकहरुको नाम) | | ठेगाना | बाजे/ससुराको नाम | ग्राहकको पिता/पतिको नाम | उद्देश्य | साँवा रकम रु. | मिति २०८३।०४।११ सम्मको व्याज तथा अन्य रकम | जम्मा तिर्नुपर्ने रकम | धितो मञ्जूरीनामा दिनेको नाम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | नाम | आ.डी. | | | | | | | | | |
| १ | विमल प्रसाद शर्मा | १२४८०३६ | जनकपुर १६ | दसरथ ठाकुर | असर्फी ठाकुर | सरल कृषि | १५०००० | ८५००० | २३५००० | | |
| २ | लाल बाबु यादव | ६९५३६० | रमदैया भवाडी ६ | हिरा यादव | नथुनी यादव | माछा | ३७५०००० | ६००००० | ४३५०००० | | |
| ३ | केबट माछा फर्म (प्रो.गौरि मण्डल ललित केवट) | ६९४२१५ | चक्कर ०६ | हियालाल मण्डल केवट | चौधरी मण्डल केवट | माछा | ४३००००० | ९००००० | ५२००००० | | |
| ४ | मा दुर्गा पशुपालन फर्म (प्रो.रासे ठाकुर लोहार) | १०७९३८३ | रमदैया भवाडी ०९ | रौदि ठाकुर | सुब्बा ठाकुर | पशुपालन | २४००००० | २५०००० | २६५०००० | | |
| ५ | श्रवण किराना स्टोर्स (प्रो. श्रवण कुमार महतो) | ११११२८३ | सोनिगामा ०२ | सुबध महतो सुडी | राम भगत महतो | व्यापार | ९५०००० | १००००० | १०५०००० | | |
| ६ | नरेश साह | ६९५०८९ | जनकपुर ८ | अनुप साह | छठू साह | सरल कृषि | ४२१००० | ४००० | ४२५००० | | |
| ७ | विजय एण्ड वशिष्ठ कन्ट्रकसन एण्ड ई.प्रा.लि. (प्रो.विजय कुमार साह) | १३७८११२ | कमला न.पा.१ | हजारी साह | राम अवतार साह | व्यापार | ६६०००० | २०००० | ६८०००० | | |
| ८ | नागेन्द्र यादव | १२९२१२८ | सपही ४ | सेवकी यादव | राम जुलुम यादव | सरल कृषि | १०००००० | ५००००० | १५००००० | | |
| ९ | बैदेही देबी | १२७२१५७ | सपही ०१ | बिक्रम यादव | नगेश्वर यादब | घरायसी | १७००००० | २८५००० | १९८५००० | | |
| १० | ज्योति कोल्ड स्टोर (प्रो.संजिव साह) | ६९४३२८ | गोपालपुर ०९ | असर्फी साह | महेन्द्र साह सुडी | व्यापार | ७००००० | ३०००० | ७३०००० | | |
| ११ | राम नरेश यादव | ६९४८७९ | सपही ०२ | रामवृक्ष यादव | लक्ष्मण यादव | सरल कृषि | ३६५००० | १४५००० | ५१०००० | | |
| १२ | तेतरी देवी | ६९४५८७ | खखना लोटना ०६ | मानकी राय | राम बाबु राय यादव | टेक्टर | ३२८३०१ | १२४४००० | १५७२३०१ | | |
| १३ | कृष्णा गाई फारम (प्रो.उमेश यादव) | १५४१०१९ | सपही ०४ | सेवकी यादव | उतिम यादव | पशुपालन | २४००००० | ६४०००० | ३०४०००० | | |
| १४ | माइल स्टोन ई.बो.स्कूल (प्रो.अजय कुमार यादव) | ११२४३१४ | बहेरा बेला ०३ | महाजन यादव | चन्देश्वर यादव | व्यवसाय | २९९०००० | १०१०००० | ४०००००० | | |
| १५ | रेश्मा कुमारी देवी | १११४८३७ | जनकपुर १२ | गोनर यादव | छोटे लाल यादव | घरायसी | ८५०००० | ३००००० | ११५०००० | | |
| १६ | शिव गाई भैसी पालन तथा डेरी उधोग (प्रो.सुनिल कुमार यादव) | १६९८१७१ | जनकपुर १८ | कारी राउत गुवार | शिव कुमार गुवार | पशुपालन | १४७१००० | २००००० | १६७१००० | | |
| १७ | राम गाई पालन फार्म (प्रो.श्याम कुमार ठाकुर) | १११२३२९ | बनौली दनौली ०२ | मौजे ठाकुर | राम प्रसाद ठाकुर | पशुपालन | ४२५०००० | ५०००० | ४३००००० | | |
| १८ | जोखन साहु तेली | ६९४४४६ | तारापट्टी सिंसिया ०९ | बंशी साहु | सिताराम साहु तेली | सरल कृषि | २०६०००० | ७०००० | २१३०००० | | |
| १९ | सृष्टी पशुपंक्षी तथा मत्सय फर्म (प्रो.कृष्ण महरा) | ५२५६९०० | जनकपुर १४ | सुवन्च महरा | राजेन्द्र महरा | पशुपंक्षी | १८३०३९ | ७२००० | २५५०३९ | | |
| २० | पुजा स्टोर्स (प्रो.रिता देवी मण्डल) | ६९४२१२ | जनकपुर ०४ | धनुषी मण्डल | विल्टु मण्डल | व्यापार | २५००००० | ६१०००० | ३११०००० | | |
| २१ | कृष्ण वस्त्रालय (प्रो.विजय साह तेली) | ६९४१०६ | जनकपुर ०४ | जिवछ साह | छोटकन साह | व्यापार | ४०००००० | २००००० | ४२००००० | | |
| २२ | हर्दिनाथ बाबा ईटा उधोग (प्रो.दिपक कुमार यादव) | ६९५४६८ | रमदैया भवाडी ०९ | राम प्रसाद यादब | राम नारायण यादव | उधोग | ४०७७००० | ९५०००० | ५०२७००० | | |

**कृषि विकास बैंक लि.**
**मधेश प्रदेश कार्यालय, जनकपुर**

# मल कालोबजारी आरोपमा तीनजना पक्राउ

**टुडे समाचारदाता**

मलंगवा। सरकारी अनुदानमा उपलब्ध हुने रासायनिक मल कालोबजारी गरी महँगो मूल्यमा बिक्री गरेको आरोपमा प्रहरीले सर्लाहीबाट तीन जनालाई पक्राउ गरेको छ।



जिल्ला प्रहरी कार्यालय सर्लाहीका अनुसार सदरमुकाम मलंगवा नगरपालिका-१० स्थित कृष्ण जनरल स्टोरबाट अनाधिकृत रूपमा डिएपी मल बिक्री भइरहेको सूचनाका आधारमा गरिएको कारबाहीमा मलङ्गवा-७ निवासी २३ वर्षीय अभिनय राय र २० वर्षीय अभिनन्दन राय पक्राउ परेका हुन्।

प्रहरीको प्रारम्भिक अनुसन्धानमा उनीहरूले सरकारी अनुदानको डिएपी मल प्रतिवोरा तीन हजार पाँच सय रुपैयाँसम्ममा बिक्री गर्दै आएको स्वीकार गरेका छन् । पसलमा गरिएको खानतलासीका क्रममा चार बोरा डिएपी मल र एक बोरा युरिया मल बरामद गरिएको प्रहरीले जनाएको छ।

अनुसन्धानको क्रममा पक्राउ परेका दुवैले उक्त मल मलंगवा नगरपालिका-४ शिवसागर चोकस्थित २८ वर्षीय राहुल गुप्ताले सञ्चालन गरेको पसलबाट प्रतिवोरा तीन हजार दुई सय रुपैयाँमा खरिद गरी नाफा राखेर बिक्री गर्ने गरेको बयान दिएका थिए। उक्त बयानका आधारमा प्रहरीले राहुल गुप्तालाई पनि नियन्त्रणमा लिएको छ।

उनको पसलमा गरिएको खानतलासीबाट थप सात बोरा युरिया मल बरामद भएको सर्लाही प्रहरीका प्रवक्ता डिएसपी वेदप्रसाद गौतमले जानकारी दिएका छन् । उनका अनुसार पक्राउ परेका तीनै जनाविरुद्ध कालोबजारी सम्बन्धी कसूर अन्तर्गत जिल्ला प्रशासन कार्यालय सर्लाहीबाट सात दिनको म्याद थप अनुमति लिएर थप अनुसन्धान भइरहेको छ।

प्रहरीले सरकारी अनुदानमा उपलब्ध हुने कृषि सामग्रीको दुरुपयोग तथा कालोबजारी रोक्न निगरानीलाई थप कडाइ गरिने जनाएको छ।

# लालबकैयामा पानी बढपछि डुब्यो हुलाकी राजमार्ग

**टुडे समाचारदाता**

रौतहट । गत दुई दिनदेखि भइरहेको लगातारको वर्षापले रौतहटको राजपुर नगरपालिका स्थित लालबकैया खोलामा पानीको बहाव बढेपछि हुलाकी राजमार्ग डुबानमा परेको छ।



सडकमाथिबाट बाढीको पानी बगेपछि स्थानीय बासिन्दा, यात्रु तथा सवारी चालक जोखिमपूर्ण अवस्थामा आवतजावत गर्न बाध्य भएका छन् । राजपुर नगरपालिका-२ फतुवा महेशपुरदेखि राजपुरतर्फ जाने हुलाकी सडकखण्ड अन्तर्गत लालबकैया नदीको पश्चिमी लच्कामा बाढीको पानी सडकमाथिबाट बग्न थालेपछि यातायात प्रभावित भएको हो।

वैकल्पिक मार्गको अभावका कारण स्थानीयले ज्यानको जोखिम मोलेर सोही सडक प्रयोग गरिरहेका छन् । हुलाकी राजमार्गको उक्त खण्ड दैनिक सयौं सवारीसाधन र यात्रुले प्रयोग गर्ने मुख्य सडक भए पनि वर्षायाममा लालबकैया खोलाको बाढीले हरेक वर्ष डुबानमा पार्दै आएको स्थानीयको गुनासो छ।

यस वर्ष पनि पानीको सतह बढेसँगै सडक जलमग्न हुँदा दुर्घटनाको जोखिम थप बढेको उनीहरूको भनाइ छ । बाढी प्रभावित क्षेत्रमा सशस्त्र प्रहरी बल नेपाल नम्बर ११ गण मुख्यालय रौतहट तथा नेपाल प्रहरीको संयुक्त टोली परिचालन गरिएको छ। सुरक्षा व्यवस्थालाई थप कडा बनाउनुका साथै यात्रुको आवतजावतमा सहजीकरण गर्ने काम भइरहेको सशस्त्र प्रहरी नम्बर ११ गणका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक रामहरि अधिकारीले जानकारी दिए।

उनका अनुसार सुरक्षाकर्मी घटनास्थलमा निरन्तर निगरानीमा रहेका छन् । खोलाको बहाव अझ बढेमा जनधनको सुरक्षा सुनिश्चित गर्न सडकमा आवतजावत पूर्ण रूपमा रोक्नेसम्मको तयारी गरिएको उनले बताए।

सशस्त्र प्रहरीले सर्वसाधारणलाई डुबान भएको सडक पार गर्ने जोखिमपूर्ण प्रयास नगर्न र सम्भव भएसम्म सुरक्षित वैकल्पिक मार्ग प्रयोग गर्न आग्रह गरेको छ। स्थानीय प्रशासनले निरन्तर वर्षा भइरहेकाले लालबकैया खोलाको जलस्तर अझै बढ्न सक्ने सम्भावना रहेको भन्दै नदी आसपासका बासिन्दा तथा यात्रुलाई उच्च सतर्कता अपनाउन अनुरोध गरेको छ।

स्थानीयवासीले भने हरेक वर्ष दोहोरिने डुबान समस्याको दीर्घकालीन समाधानका लागि हुलाकी राजमार्गको सतह उचाल्ने, प्रभावकारी पानी निकासको व्यवस्था गर्ने तथा बाढी प्रभावित क्षेत्रमा स्थायी संरचना निर्माण गर्न सरकारसँग माग समेत गरेको छ।

# सरकारले देशलाई दुर्घटनातर्फ लग्दै : सिंह

**टुडे समाचारदाता**

जनकपुरधाम । सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद डा. अमरेशकुमार सिंहले सरकारको नियतमाथि शंका रहेको भन्दै यो सरकार आएपछि सरकारले देशलाई गम्भीर दुर्घटनातर्फ लगेको आरोप लगाएका छन्।



प्रतिनिधिसभा अन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिको बैठकमा बिहीवार 'राष्ट्रिय सेवा दल विधेयक, २०८३' उपरको सैद्धान्तिक छलफलमा बोल्दै सांसस सिंहले यो सरकार आएदेखि समावेशिता र संविधानको धज्जिया उडेको यो मेरो मान्यता रहेको र यसको तथ्यांक आफूसँग रहेको दाबी गरे।

सरकारले गरेको नियुक्तिहरु अवैधानिक रहेको ठहर गर्दै उनले सुरक्षा निकायको परिचालन र नियतमाथि प्रश्न समेत प्रश्न उठाए। सिंहले भने विगतदेखि नै मधेशी, जनजाति, दलित र थारू समुदायको आन्दोलनलाई दबाउन सुरक्षा बल प्रयोग गर्दै आएका छन्। सुरक्षा निकायले समुदाय विशेष गर्दै आएको कारणले मधेशीमा त्रास सिर्जना भइरहेकाले मधेसबाट सशस्त्र प्रहरी फिर्ता गर्नुस।

आन्दोलन र राष्ट्रियताको सन्दर्भमा बोल्दै सांसद सिंहले सधैँ गरिब र विपन्न वर्गका नागरिकले मात्र बलिदान दिनुपरेको तर नेतृत्व तहका व्यक्तिका सन्तान कहिल्यै पीडित नभएको तर्क गरे।

सांसद सिंहले भने, 'मधेशमा कहिल्यै पनि वाटर क्यानन चलेको मैले देखेको छैन मेरो ५६ वर्षको उमेर छ। चाहे मधेश आन्दोलन होस्, चाहे थरूहट आन्दोलन होस्, चाहे अन्य आन्दोलन होस् । तर गोली सधैं चलेको छ।'

उनले थपे, 'अहिले पनि म राज्य व्यवस्था समितिको माग गर्छु कि सुरक्षाको बैठक यहाँ डाकियोस्, किनकि त्यत्रो सशस्त्रको बिगबिगी किन छ ? कहीं पनि सशस्त्रले एक इन्च जमीनको रक्षा गरेको छैन।'

सांसद सिंहले भने, 'एउटा समुदायलाई विदेशी ठानेर बुट बजार्न खोज्नुहुन्छ, गोली हान्न खोज्नुहुन्छ र अर्को क्याडर बनाएर मधेशीमाथि या जनजाति माथि, दलित माथि, थारू माथि, उहाँले बोल्न सक्नु भएन किनकि उहाँहरूको त्यति आँट आएन। म क्लियर भन्छु सरकारको नियतमा खोट छ।'

अर्को प्रसँगमा उनले राज्यले सुरक्षा निकायको संख्या वृद्धिलाई प्राथमिकता दिए पनि शिक्षा, स्वास्थ्य र पूर्वाधार विकासमा ध्यान नदिएको भन्दै आलोचना गर । बैठकमा सांसद सिंहले जनसंख्याको अनुपातमा सुरक्षाकर्मीको संख्या नेपालमा विश्वकै उच्च रहेको दाबी गरे।

राज्यले शिक्षा, विज्ञान र प्रविधिको विकासका लागि विधेयक ल्याउनुको सट्टा सुरक्षा संयन्त्र मात्र विस्तार गर्न खोजेको उनको आरोप छ। राष्ट्रियताको परिभाषा र युवा पलायनका विषयमा उनले सरकारको आलोचना समेत गरे।

युवाहरू मलेसिया, कतार र साउदी अरबमा श्रम गर्न बाध्य भइरहेको अवस्थामा स्वदेशमै रोजगारी सिर्जना गर्नुको सट्टा सैन्य स्वरूपको क्याडर तयार पार्नु बेवकुफी रहेको भन्दै युवाहरूलाई विदेश जानबाट रोकेर स्वदेशमै रोजगारी दिनु नै वास्तविक राष्ट्रियता रहेको भने। साथै उनले राज्य व्यवस्था समितिको बैठकमा सुरक्षा निकायको पछिल्लो गतिविधि र परिचालनबारे विस्तृत छलफल गर्न माग समेत गरे।

# फोहर व्यवस्थापनका लागि जग्गा खोज्दै उपमहानगर

**टुडे समाचारदाता**

जनकपुरधाम । दैनिक उत्पादन हुने फोहोरमैला व्यवस्थापनका लागि उपयुक्त जग्गा भाडामा लिन जनकपुरधाम उपमहानगरपालिकाले सार्वजनिक सूचना जारी गर्दै इच्छुक जग्गाधनीहरूबाट १५ दिनभित्र निवेदन माग गरेको छ।

पहिलो पटक प्रकाशित सूचनामार्फत जनकपुरधाम उपमहानगरपालिकाभित्र पर्ने उपयुक्त जग्गा उपलब्ध गराउन इच्छुक जग्गाधनीहरूलाई आवश्यक कागजातसहित निवेदन पेश गर्न आग्रह गरेको हो।

सूचना अनुसार फोहोर व्यवस्थापनका लागि प्रस्ताव गरिने जग्गा एकै ठाउँमा हुनुपर्नेछ । यदि साँधसिमाना जोडिएका छुट्टाछुट्टै जग्गा भए सम्बन्धित जग्गाधनीहरूले संयुक्त रूपमा पनि निवेदन दिन सक्ने व्यवस्था गरिएको छ। निवेदनसँगै नेपाली नागरिकताको प्रमाणपत्र, जग्गाधनी दर्ता प्रमाणपत्र, चालु आर्थिक वर्षको मालपोत तिरेको रसिद तथा जग्गाको नक्सा अनिवार्य रूपमा संलग्न गर्नुपर्नेछ।

साथै जग्गाधनी स्वयं उपस्थित हुनुपर्ने र उपस्थित हुन नसके प्रचलित कानुनअनुसार प्रतिनिधि वा वारेसमार्फत निवेदन दिन सकिने जनाइएको छ । उपमहानगरपालिकाले फोहोर व्यवस्थापन स्थलका लागि केही मापदण्डसमेत तोकेको छ।

प्रस्तावित जग्गाले बस्ती, विद्यालय, सार्वजनिक बाटो, कुलो, मसानघाट, सार्वजनिक वा सामुदायिक जग्गा, वन क्षेत्र, सरकारी कार्यालय तथा नदी-नालालगायत क्षेत्र अतिक्रमण नगरेको हुनुपर्नेछ भने जग्गामा स्वामित्व सम्बन्धी कुनै विवाद नभएको, सवारीसाधन पुग्ने बाटो भएको तथा बस्ती र विद्यालयबाट कम्तीमा एक किलोमिटर टाढा रहेको हुनुपर्ने उल्लेख गरिएको छ।

जग्गाधनीले निवेदनमा आफूले जग्गा भाडामा उपलब्ध गराउने दर अंक र अक्षर दुवैमा स्पष्ट उल्लेख गर्नुपर्ने सूचनामा भनिएको छ । उपमहानगरपालिकाले फोहोर व्यवस्थापनलाई दीर्घकालीन र व्यवस्थित बनाउन उपयुक्त स्थानको खोजी सुरु गरिएको नगरप्रमुख मनोज साहले जनाएको छ।

# विदेश पठाई भन्दै ठगी गर्नेविरुद्ध उजुरी

**टुडे समाचारदाता**

जनकपुरधाम। धनुषाका पांचजना युवाले वैदेशिक रोजगारीमा पठाई दिने नाममा ठगी गरेको भन्दै तीन जनाविरुद्ध जिल्ला प्रहरी कार्यालय महोत्तरीमा उजुरी दिएका छन्।




साउदी अरब पठाइदिने प्रलोभन देखाएर साढे ७ लाख रुपैयाँ ठगी गरेको भन्दै महोत्तरीको जलेश्वर नगरपालिका-१ का राजेश महरा, उनकी श्रीमती मञ्जु देवी र एकडारा गाउँपालिकाका जोगिन्द्र महराविरुद्ध साउन १ गते ठगी तथा विश्वासघात सम्बन्धी उजुरी दर्ता गराएका हुन्।

उजुरी दर्ता गराउनेहरुमा धनुषाको लक्ष्मीनियाँ गाउँपालिका-६ लक्ष्मीपुर बगेवाका अनिल कुमार महरा, दीपेन्द्र मण्डल, संजिप महरा, मुकेशकुमार राम तथा महोत्तरी गाउँपालिका-१ पर्साका ललितकुमार महराले रहेका छन् । विपक्षीहरूले साउदी अरबको प्रतिष्ठित कम्पनीमा आकर्षक तलब र सुविधा भएको रोजगारीमा पठाइदिने आश्वासन दिएर ठगी गरेको उजुरीमा भनिएको छ।

उनीहरूले २०८३ असार ११ गते प्रतिव्यक्ति ४० देखि ५० हजार रुपैयाँ उठाई बुटवलस्थित एक मेडिकलमा स्वास्थ्य परीक्षण गराएका थिए। त्यसपछि असार २४ गते भिसा आइसकेको भन्दै प्रतिव्यक्ति थप १ लाखदेखि १ लाख १० हजार रुपैयाँ बुझाउन लगाइएको उजुरीमा उल्लेख छ।

पीडितहरूले मञ्जु देवीको नाममा रहेको प्रभु बैंक र राष्ट्रिय वाणिज्य बैंक, जलेश्वर शाखाका खातामा प्रतिव्यक्ति १ लाख ५० हजार रुपैयाँका दरले जम्मा ७ लाख ५० हजार रुपैयाँ लिएको आरोप लगाएका छन्।

रकम बुझाएपछि काठमाडौं बोलाइए पनि वैदेशिक रोजगारीका लागि कुनै प्रक्रिया अघि नबढाई तीन दिनसम्म अलपत्र पारिएको र अन्ततः घर फर्किन बाध्य बनाइएको उनीहरूको आरोप छ। त्यसयता आरोपितहरू सम्पर्कविहीन रहेको उजुरीमा उल्लेख गरिएको छ।

पीडितहरूले आरोपितहरूको कार्य ठगी, आपराधिक विश्वासघात र अनुचित लाभ लिने उद्देश्यबाट प्रेरित भएको दाबी गर्दै निष्पक्ष अनुसन्धान, पक्राउ, कानुनबमोजिम कारबाही तथा ठगी भएको ७ लाख ५० हजार रुपैयाँ ब्याजसहित फिर्ता गराइदिन महोत्तरी प्रहरीसँग माग गरेका छन्। उजुरीसँगै उनीहरूले आफ्नो राहदानीको प्रतिलिपि र बैंकमा रकम जम्मा गरेको रसिदसमेत प्रमाणका रूपमा पेश गरेका छन्।

उता महोत्तरीका प्रहरी प्रवक्ता डीएसपी पञ्चलाल गोले उजुरी परे लगतै ठगीका आरोपित व्यक्तिहरुलाई सम्पर्क हुन नसकेपछि घरमा खोज्न लगाउंदा समेत फेला नपरेको बताए। उनले भने उजुरी परेको खबर पाएपछि उनीहरु फरार भएको हुन सक्छ। तर तिनीहरुको खोजी कार्य जारी रहेको र पक्राउ परे पश्चात् ठगी मुद्दामा जाहेरी दर्ता गरेर कारबाही प्रकिया अघि बढाउनेछ।

# धनुषा अदालतको ५ हजारबढी मुद्दा फर्छोट

**टुडे समाचारदाता**

जनकपुरधाम । आर्थिक वर्ष २०८२/८३ मा धनुषा जिल्ला अदालतले पाँच हजारभन्दा बढी मुद्दा फर्छोट गरेको छ।




नयाँ मुद्दाको चाप निरन्तर बढिरहेका बेला अदालतले आधाभन्दा बढी ५ हजार २१६ मुद्दा टुंग्याए पनि पाँच हजार भन्दा बढी मुद्दा अझै विचाराधीन रहेका छन्।

गत आर्थिक वर्षमा पाँच हजार ८४४ नयाँ मुद्दा दर्ता भएका थिए भने अघिल्लो आर्थिक वर्षबाट चार हजार २३१ मुद्दा सरेर आएको अदालतका सूचना अधिकारी हेमकुमार महतोले जनाएको छ।

यो सँगै अदालतमा कूल १० हजार ७५ मुद्दा विचाराधीन रहेकामा पाँच हजार २१६ मुद्दा फछ्र्योट गरिएको हो। हाल पाँच हजार ५९ मुद्दाको सुनुवाइ प्रक्रिया जारी रहेको अदालतले जनाएको छ । अघिल्लो आर्थिक वर्ष २०८१/८२ मा अदालतमा पाँच हजार ७५३ नयाँ मुद्दा दर्ता भएको बताइएको छ।

त्यसअघि रहेका चार हजार १७९ मुद्दासहित कूल नौ हजार ९३२ मुद्दामध्ये पाँच हजार ७०१ मुद्दा फछ्र्योट गरिएको थियो। यस वर्ष नयाँ मुद्दा बढे पनि फछ्र्योट हुने मुद्दाको संख्या भने केही घटेको देखिएको छ।

सूचना अधिकारी महतोका अनुसार उक्त प्रणाली कार्यान्वयनमा आएपछि पेसी व्यवस्थापन सहज भएको, सुनुवाइ प्रक्रिया पारदर्शी बनेको तथा सेवाग्राहीले छिटो र प्रभावकारी सेवा पाउन थालेका छन्। अदालत प्रशासनले आगामी दिनमा सूचना प्रविधिको प्रयोगलाई थप विस्तार गर्दै न्याय सम्पादनलाई अझ प्रभावकारी, पारदर्शी र सेवाग्राहीमैत्री बनाउने लक्ष्य रहेको जनाएको छ।

अदालतले पछिल्लो समय लागू गरेको स्वचालित पेसी प्रणालीले न्याय सम्पादन प्रक्रियालाई थप व्यवस्थित बनाएको जनाएको छ । स्वचालित प्रणालीको प्रभावकारी कार्यान्वयनसँगै मुद्दा व्यवस्थापनमा सुधार आउने र विचाराधीन मुद्दाको संख्या क्रमशः घट्दै जाने अदालतको विश्वास छ।







**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८